# दोश्रो केन्द्रीय बैठक प्रस्ताव र निर्णयहरू

**मितिः आईतबार १२ जनवरी, २०२५ ।**

कास्की आदर्श समाज अन्तराष्ट्रिय समन्वय परिषद, को चौथो कार्यसमितीको दोश्रो बैठक १२ जनवरी, २०२५ आईतबारका दिन परिषद् अध्यक्ष श्री शिव वानिया ज्यु को अध्यक्षतामा अनलाइन मार्फत सम्पन्न भएको छ। बैठकमा निम्न प्रस्ताव उपर छलफल गरि निम्न निर्णय गरियो ।

**प्रस्तावहरूः**

१) कार्ययोजना सम्बन्धमा ।
२) निवर्तमान कार्यसमिति बाट आर्थिक बुझबुझार्थ सम्बन्धमा ।
३) सचिवालय समिति गठन सम्बन्धमा ।
४) संरक्षक, सल्लाहकार एवं केन्द्रिय पदाधिकारी तथा सदस्य चयन सम्बन्धमा ।
५) पदेन सदस्य ज्यूहरूलाइ सपथ ग्रहण सम्बन्धमा ।
६) विभिन्न विभागीय उपसमिति गठन सम्बन्धमा ।
७) सँस्थाको कार्यलय व्यवस्थापन तथा भवन निर्माण सम्बन्धमा ।
८) विश्व कस्केली सम्मेलन सम्बन्धमा ।
९) बिबिध सम्बन्धमा ।

**निर्णयहरूः**

**निर्णय नं १)** प्रस्ताव नं १ कार्ययोजना सम्बन्धमा छलफल हुँदा, अध्यक्ष ज्युले यस कार्यकाल (२०२४/०२६) का लागि प्रस्तुत गर्नु भएको कार्ययोजनामा महासचिव ज्युले वृस्तित जानकारी रहेको तालिका सार्वजनिक गर्दै व्यख्या गर्नुभए सँगै सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो । साथै कार्ययोजनामा उल्लेख गरिएका विषयहरुमा लक्ष्य प्राप्तिका लागि सबैले साथ, सहयोग र सहकार्य गर्ने बचन बद्दता प्रकट गरे सँगै, कार्ययोजना सम्पन्न गर्नका लागि आवश्यक उपसमिति तथा संयोजनको जिम्मेवारी निर्णय नं ५ मा उल्लेख गरे अनुसार रहने पनि निर्णय गरियो ।

**निर्णय नम्बर २)** प्रस्ताव नं २ निवर्तमान कार्यसमिति बाट आर्थिक बुझबुझार्थ सम्बन्धमा छलफल हुँदा कोषाध्यक्ष ज्यूले निवर्तमान कार्यसमितिबाट प्राप्त आर्थिक विवरण तपशिल अनुसार बुझि लिएको जानकारी दिनुभयो ।

क) चालु कोष तर्फः **रू ७६८,६८९.६५/- अक्षरूपि सात लाख अठसठी हजार छ सय उनानब्बे रूपैंया पैसठ्ठी पैसा** (बैंक नामः NMB, खातावाला विश्वबन्धु थापा, विकास अधिकारी र हरि बहादुर ढकाल क्षेत्री) मा रकम रहेको, जसमा कार्यालय भाडा र चौथो महाधिवेशन खर्च ३१० डलर+५७ युरो करिब रू २८,०९४ घटायर बुझि लियको पनि जानकारी गराउनु भयो।

ख) शैक्षिक अक्षयकोष तर्फः **रू १,२४८,१३१.००/- अक्षरूपि बाह्र लाख अठ्चालिस हजार एक सय एकतिस रूपैंया शुन्य पैसा** (बैंक नामः NIMB खातावाला विश्वबन्धु थापा, गणेशराज पहारी र हरिविनोद अधिकारी) मा रकम रहेको जानकारी गराउनु भयो।

साथै केहि देशहरूबाट सदस्यता विवरण प्राप्त भएता पनि शुल्क प्राप्त नभएको पाइएको हुँदा निवर्तमान कार्यसमिति तथा प्रमुख संरक्षक ज्यु सँग समन्वय गरि शुल्क खातामा जम्मा गराउनका लागि पहल गर्ने पनि निर्णय गरियो ।

**निर्णय नं ३)** प्रस्ताव नं ३ सचिवालय समिति गठन सम्बन्धमा छलफल हुँदा बिधानको दफा ५ को उपदफा ६ मा व्यवस्था भए बमोजिमको सचिवालय समिति गठन गरि अगाडी बढ्ने सर्वसम्मतीले निर्णय गरियो।

**निर्णय नं ४)** प्रस्ताव नं ४ संरक्षक, सल्लाहकार एवं केन्द्रिय पदाधिकारी तथा सदस्य चयन सम्बन्धमा छलफल हुँदा हाललाइ तपशिल अनुसार चयन गरियो भने थप संरक्षक, सल्लाहकार तथा सदस्य ज्युहरू राष्ट्रिय समिति सँग समन्वय गरि आगामी बैठकबाट मनोनित गर्ने पनि निर्णय गरि यो।

**संरक्षक समिति सदस्यहरू**

श्री तिलकशाली सापकोटा (नेपाल)
श्री विश्वराज वास्तोला (युएसए)
श्री शिव प्रसाद पौडेल (जापान)
श्री दुर्गा प्रसाद सुवेदी (बेल्जीयम)
श्री केदारनाथ ढुंगाना (स्पेन)
श्री विमल सुवेदी (कतार)

**सल्लाहकार समितिहरू**

श्री निरज थापा (नेपाल)
श्री रामचन्द्र अधिकारी (युएसए)
श्री अमृता (कन्चन) थापा (चाइना)
श्री गुप्त शेखर पौडेल (युएइ)
श्री गोविन्दराज पहारी (नेपाल)
श्री मनोज कुमार सैंजु (युएइ)
श्री विकास श्रेष्ठ (जापान)
श्री भूवानी प्रसाद तिमिल्सीना (यूएइ)
श्री टेक गुरूङ (युएसए)
श्री गणेशराज पहारी (नेपाल)
श्री सन्तोष पहारी (युएसए)
श्री प्रकाशलाल श्रेष्ठ (नेपाल)
श्री हेमराज बराल (युएसए)
श्री कृष्ण गिरि (डेनमार्क)
श्री देवेन्द्र कुँवर (यूके)
श्री बल बहादुर कार्की (स्पेन)
श्री पुष्प के.सी. (स्पेन)
डा. रमिल अधिकारी (न्युजिल्याण्ड)
श्री डिल्लीराम भण्डारी (बेल्जियम)
डा. मुकुण्द वास्तोला (यूके)

कानुनी सल्लाहकार, वरिष्ठ अधिवक्ता श्री कृष्ण तिमिल्सीना (पश्चिमान्चल ल फर्म)

**पदाधिकारीमा**

प्रवक्ताः श्री रमेश खत्री (क्यानडा)
सचिवः श्री पुजा शाह (नेपाल)
युवा संयोजकः श्री सबिन पौडेल (पोर्चुगल)
केन्द्रिय सदस्यः श्री प्रकाश विश्वकर्मा (कतार)
केन्द्रिय सदस्यः श्री गंगा देवी शर्मा (स्पेन)
केन्द्रिय सदस्यः श्री अर्जुन भण्डारी (पोर्चुगल)

उपरोक्त मनोनित सम्पूर्ण संरक्षक ज्युहरू, सल्लाहकार ज्युहरू तथा केन्द्रिय पदाधिकारी ज्युहरू सँग समन्वय गरि मनोनित पत्र सम्प्रेषणका लागि महासचिव ज्यु लाइ जिम्मेवारी प्रदान पनि गरियो ।

**निर्णय नं ५)** प्रस्ताव नं ५ पदेन सदस्य ज्यूहरूलाइ सपथ ग्रहण सम्बन्धमा छलफल हुँदा सबै पदेन सदस्यहरूको विशेष कारणवश अनुपस्थित रहनु भएकाले सम्पूर्णलाइ पायक पर्ने गरि तालिका जानकारी गराइ सपथ ग्रहण गराउने निर्णय गरियो ।

**निर्णय नं ६)** प्रस्ताव नं ६ विभिन्न विभागीय उपसमिति गठन सम्बन्धमा छलफल हुँदा तपशिल अनुसारको विभागिय संयोजनको जिम्मेवारी दिने सर्वसम्मतीले निर्णय गरियो, जस अनुसारः

क) परराष्ट्र मन्त्रालयमा सँस्था दर्ता तथा भवन निर्माण संयोजक अध्यक्ष शिव वानिया ।
ख) वेभसाइड निर्माण संयोजक उपाध्यक्ष डा. प्रदिप अधिकारी र उपसंयोजक क्षेत्रिय संयोजक नविन पौडेल, उपसमिति बाट वेभसाइट निर्माणको नमुना बैठकमा पेश भय सँगै डोमेन www.kaskiicc.com रहेको जानकारी पनि प्राप्त भयो र निर्माणको चरण समाप्त भय सँग संचालनका लागि सुचना जारी गर्ने पनि निर्णय गरियो ।
ग) सदस्यता परिचय पत्र निर्माण संयोजक उपाध्यक्ष सन्तोष तिमिल्सिना र उपसंयोजक महासचिव केदार कुँवर, साथै पूर्व बैठकमा जिम्मेवारि दिय सँगै उपसमितिबाट नमुना परिचय पत्र बैठकमा प्रस्तुत भएको, प्रति परिचय पत्र रू ५० का दरले परिचय पत्र निर्माण प्रक्रियाका लागि उपसमितिलाइ अगाडि बढ्न अनुरोध गरियो, जसका निम्ति आवश्यक फोटो लगायतका विवरण उपलब्ध गराउनका लागि सबैले समन्वय गर्ने निर्णय गरियो ।
घ) महिलाहरूको शिप विकास (सेनिटरी प्याड तथा अन्य) तालिम उपाध्यक्ष शान्ति देवी अधिकारी र नेपाल व.उपाध्यक्ष पुजा गिरी ।
ङ) गृहजिल्लामा आइपर्ने भवितव्य र निमन्त्रणा लगायतमा उपस्थिती नेपालमा रहेका सम्पूर्ण पदाधिकारी, नेपाल अध्यक्ष विश्वबन्धु थापा, नेपाल पदाधिकारीहरू र सम्पूर्ण राष्ट्रिय समिति अध्यक्ष ज्युहरू ।
च) शैक्षिक अक्षयकोष संचालन उपसमिति संयोजक वरिष्ठ उपाध्यक्ष विशाल ढुंगाना ।
छ) विश्व सम्मेलन संयोजक उपाध्यक्ष विकास शाही र महासचिव केदार कुँवर ।
ज) सँस्था विस्तार तथा सदस्यता विस्तारका लागि उपाध्यक्ष सन्तोष तिमिल्सिना, उपमहासचिव ईन्द्रकमल राजभाट, सचिवहरू राजेश सुवेदी र मोहनराज गौतम तथा सबै क्षेत्रिय संयोजकहरू ।
झ) आपतकालिन राहत कोष संयोजक प्रमुख संरक्षक श्रीमती सीता देवी वास्तोला बराल, कोषाध्यक्ष विकास अधिकारी र सम्पूर्ण पदेन सदस्य (राष्ट्रिय समिति अध्यक्ष) हरू उपसमिति सदस्य रहनेछन् ।

उपरोक्त विभागिय उपसमिति संयोजकले आवश्यकता अनुसार सदस्यता विस्तार गर्न सक्नेछन् भने, अन्य उपसमितिहरू आगामी बैठकमा सम्पूर्ण अग्रज सँस्थापक तथा पूर्व पदाधिकारीहरू ज्युहरू सँग समन्वय गरि निर्माण गरिने छ ।

**निर्णय नं ७)** प्रस्ताव नं ७ सँस्थाको कार्यलय व्यवस्थापन तथा भवन निर्माण सम्बन्धमा छलफल हुँदा सँस्थाको हालको कार्यालय पूर्व निर्णय अनुसार स्थान्तरण प्रक्रियामा रहेको नेपाल अध्यक्ष विश्वबन्धु थापा ज्यु ले जानकारी दिनुभयो भने भवन निर्माणका लागि सरकारी जग्गा उपलब्ध गराउन समन्वयको संयोजन अध्यक्ष शिव वानिया ज्यूलाइ प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ८)** प्रस्ताव नं ८ विश्व कस्केली सम्मेलन सम्बन्धमा छलफल हुँदा विश्व सम्मेलन दुवईमा आयोजना गर्ने गरि निर्णय नं ६ मा उल्लेख गरिएको विभागिय जिम्मेवारी प्राप्त उपाध्यक्ष विकास शाही र महासचिव केदार कुँवरलाइ तयारीका लागि जिम्मेवारी दिदै सम्मेलनको मिति र समय आगामी बैठकमा छलफल गरि सार्वजनिक गर्ने सर्वसम्मतीले निर्णय गरियो ।

**निर्णय नं ९)** प्रस्ताव नं ९ बिबिध सम्बन्धमा छलफल हुँदा, तपशिलका बुँदागत निर्णयहरू गरियो ।

क) बैठक सम्बन्धमा छलफल हुँदा, सचिवालय बैठक मासिक रूपमा प्रत्येक महिनाको आईतबार बस्ने, केन्द्रिय समितिको बैठक दुई दुई महिनाको अन्तरमा बस्ने, राष्ट्रिय समिति अध्यक्ष ज्युहरू सँगको बैठक प्रत्येक तिन तिन महिनामा बस्ने र सँस्थापक अग्रज एवं संरक्षक समिति तथा सल्लाहकार समिति सँग बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मतिले निर्णय गरियो । साथै सचिवालय समितिको वाट्सअप ग्रुप बनाइ ०२ फेब्रुअरी, २०२५ आइतबार का दिन पहिलो सचिवालय बैठक बस्ने निर्णय पनि गरियो ।

ख) श्री लेखनाथ आधारभुत विध्यालय पोखरा २८ आरूपाता लाइ आर्थिक सहयोग सम्बन्धमा छलफल हुँदा, समाजको कोषको अवस्था नाजुक भएको महसुस गरि पदाधिकारीहरूले स्वेच्छिक रूपमा बोलकबोल गरि संकलित सहयोग रकम समाजको नामबाट हस्तान्तरण गर्ने गरि उपाध्यक्ष श्री सन्तोष तिमिल्सीना ज्यूलाइ जिम्मेवारी प्रदान गर्ने सर्वसम्मतीले निर्णय गरियो ।

**बैठकमा उपस्थिती:**

१) अध्यक्ष, श्री शिव वानिया
२) वरिष्ठ उपाध्यक्ष, श्री विशाल ढुंगाना
३) महिला उपाध्यक्ष, श्री शान्तिदेवि अधिकारी (जानकारी)
४) उपाध्यक्ष, डा. प्रदिप अधिकारी
५) उपाध्यक्ष, श्री सन्तोष तिमिल्सीना
६) उपाध्यक्ष, श्री विकास शाही
७) महासचिव, श्री केदार कुँवर
८) उप-महासचिव, श्री ईन्द्रकमल राजभाट
९) सचिव, श्री राजेश सुवेदी
१०) कोषाध्यक्ष, श्री विकास अधिकारी
११) सह-कोषाध्यक्ष, श्री दिपक थापा
१२) महिला संयोजक, श्री कान्ति तिमिल्सीना अधिकारी

१३) महिला उप-संयोजक, श्री बिन्दु गौतम पौडेल
१४) मध्यपूर्व संयोजक, श्री नबिन पौडेल
१५) युरोप संयोजक, श्री राजेन्द्र गौतम (राज)
१६) केन्द्रिय सदस्य, श्री पुष्पराज भण्डारी
१७) पदेन सदस्य, श्री विश्वबन्धु थापा (अध्यक्ष, कास्की आदर्श समाज नेपाल)
१८) पदेन सदस्य, श्री अगन्धर (अग्नि) देवकोटा (अध्यक्ष, कास्की आदर्श समाज कतार)
१९) पदेन सदस्य, श्री कुमार गुरूङ (अध्यक्ष, कास्की आदर्श समाज स्पेन)
२०) पदेन सदस्य, श्री सन्तोष पौडेल (अध्यक्ष, कास्की परिवार दक्षिण कोरिया)
२१) पदेन सदस्य, श्री सन्देश अधिकारी (अध्यक्ष, कास्की पोखरा समाज नेपाल) जानकारी
२२) पदेन सदस्य, श्री डम्बर जंग गुरूङ (अध्यक्ष, कस्केली समाज अमेरिका) जानकारी
२३) पदेन सदस्य, श्री तिर्थ बहादुर भण्डारी (अध्यक्ष, कास्की आदर्श समाज बहराईन) जानकारी
२४) पदेन सदस्य, श्री मदन पोखे्रल (अध्यक्ष, कास्की समाज क्यानडा) जानकारी

**विशेष उपस्थितीः**

१) श्रीमती सीता देबी बास्तोला बराल (प्रमुख संरक्षक)
२) श्री तिलकशाली सापकोटा (सँस्थापक उपाध्यक्ष)
३) श्री पुजा शाह ठकुरी (सँस्थापक सदस्य एवं भुपु महिला संयोजक)
४) श्री शिवकुमार श्रेष्ठ (नि. पदेन सदस्य, यूएई)
५) श्री रमेश खत्री (भुतपूर्व पदेन सदस्य, क्यानडा)
६) श्री हरिविनोद अधिकारी (नि. शैक्षिक सचिव, जापान)
७) श्री पुजा गिरि (वरिष्ठ उपाध्यक्ष कास्की आदर्श समाज नेपाल)
८) श्री विकासराज बराल (सचिव कास्की आदर्श समाज नेपाल)
९) आजिवन सदस्य श्री सबिन पौडेल (पोर्चुगल)
१०) आजिवन सदस्य श्री प्रकाश विश्वकर्मा (कतार)

**बैठक संचालनः** महासचिव केदार कुँवर र उपमहासचिव ईन्द्रकमल राजभाट
**टिपोटः** सचिव राजेश सुवेदी

**प्रार्थी,**

**केदार कुँवर**
**महासचिव**
**कास्की आदर्श समाज अन्तराष्ट्रिय समन्वय परिषद्।**